# नयाँ करारको चाडमा सहभागिता

Study Notes by Franklin

**लूका २२:१** अखमिरी रोटीको चाड नजिकै आइपुगेको थियो। यसलाई **निस्तार-चाड** भनिन्छ।

**इस्राएलको लागि निस्तार- चाड** बार्षिक रुपमा **रगतमा भएको करारको** सम्झनाको लागि मनाइन्थियो , जुन पिता परमेश्वरले उनीहरुसंग बनाउनु भयो जब उहाँले मिश्रबाट तीनीहरुलाई छुटकारा दिनुभयो।

पद.१५ अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "मैले दु:ख भोग्न अघि नै **यो निस्तार-चाड़को भोजन तिमीहरूसँग खाने ठूलो इच्छा गरेको थिएँ**, (हृदयमा खुर्रनधार राख्नु)

- किन? किन येशूले निस्तार- चाडको भोज उहाँको चेलाहरुसंग खान धेरै इच्छा गर्नुभयो?

- निस्तार- चाडको भोज भन्नाले के बुझिन्छ जुन उहाँको लागि धेरै महत्वपूर्ण थियो।

**सर्बप्रथम - येशूलाई थाहा थियो कि उहाँ निस्तार- चाडको थुमा हुनुहुन्थियो भनेर। अनि** अखमिरी रोटीको चाड़को दिन आयो, जुन दिन **निस्तार-चाड़को थुमा बलि चढ़ाउनुपर्थ्यो।**

लूका २२:७

पुरानो नियमको **निस्तार- चाड** चाहिँ **सिकाउने खालको र** पिता परमेश्वरको साचो पाठो येशू ख्रीष्टको **उदाहरण** हो।

- **अब्राहामद्वारा भविष्यवाणि:** उत्पति २२:८ अब्राहामले भने, "छोरा, **परमेश्वरले नै** होमबलिको निम्ति **थुमा** जुटाइदिनुहुनेछ।" अनि ती दुवै सँगसँगै गए।

- **यशैयाद्वारा भविष्यवाणि**: यशैया (५३:७) ऊ थिचोमिचोमा पऱ्यो, र उसलाई कष्ट पऱ्यो, तापनि उसले आफ्नो मुख खोलेन। मारिनलाई लगेको **थुमा**जस्तै ऊ डोऱ्याएर लगियो। आफ्नो ऊन कत्रनेको सामु भेड़ा मौन भएझैं उसले पनि आफ्नो मुख खोलेन।

- बप्तिस्मा दिने यूहन्नाद्वारा **परिचय** (यूहन्ना १:२९) "हेर, संसारको पाप उठाइलैजाने परमेश्वरका **थुमा!**

- पत्रुसद्वारा **व्याख्या** गरिएको: १ पत्रुस १: १८-१९ तिमीहरू जान्दछौ, कि आफ्ना पिता-पुर्खाबाट आएका व्यर्थका कुराहरूदेखि, सुन वा चाँदीजस्ता नाश हुने थोकहरूद्वारा दाम तिरी तिमीहरू **छुट्टयाइएका** होइनौ, (१९) तर निष्खोट र निष्कलङ्क **थुमा**को जस्तो **ख्रीष्टको अनमोल रगत**द्वारा दाम तिरी छुट्टयाइएका छौ।

- यूहन्नाद्वारा **महिमामा देखिनु**: प्रकाश ५:५-१४ तब धर्म-गुरुहरूमध्ये एक जनाले मलाई भने, "नरोऊ! हेर, यहूदाका कुलको सिंह, दाऊदको मूल यो मुट्ठो र यी सात वटा मोहोरहरू खोल्न विजयी हुनुभएको छ।" (६) तब मैले एउटा **थुमा** उभिरहनुभएको देखें, जो मारिएको जस्तो देखा पर्नुहुन्थ्यो। उहाँ सिंहासन र चार जीवित प्राणीहरूका बीचमा (७) उहाँ जानुभयो, र सिंहासनमा विराजमान हुनुहुनेको दाहिने बाहुलीबाट त्यो मुट्ठो लिनुभयो। (८) जब उहाँले त्यो मुट्ठो लिनुभयो, तब ती चारै जीवित प्राणी र चौबीसै धर्म-गुरुहरू **थुमा**को सामुन्ने घोप्टो परे। प्रत्येकको हातमा वीणा र धूपले भरिएका सुनका पात्रहरू थिए, जो सन्तहरूका **प्रार्थना** हुन्। (९) तिनीहरूले यसो भन्दै एउटा नयाँ गीत

गाए: "तपाईं यो चर्मपत्रको मुद्दो लिने र त्यसका मोहोरहरू तोड्ने योग्यका हुनुहुन्छ, **तपाईं मारिनुभयो** र **आफ्नो रगतद्वारा** तपाईंले **परमेश्वरको निम्ति** हरेक कुल, भाषा, मानिस र जातिबाट मानिसहरूलाई छुटकारा दिनुभयो, (१०) र तिनीहरूलाई राज्य र हाम्रा परमेश्वरका पूजाहारी बनाउनुभएको छ, र तिनीहरूले पृथ्वीमा राज्य गर्नेछन्।" (११) तब मैले हेरें, अनि सिंहासन, जीवित प्राणीहरू र धर्म-गुरुहरूका वरिपरि धेरै स्वर्गदूतहरूका आवाज सुनें। तिनीहरूको संख्या लाखौँ र करोडौँ थियो। (१२) तिनीहरू चर्को सोरले यसो भनिरहेका थिए, "मारिएका **थुमा** सामर्थ्य, वैभव, बुद्धि, शक्ति सम्मान, महिमा, र स्तुति ग्रहण गर्ने योग्यका हुनुहुन्छ।" (१३) अनि स्वर्गमा, पृथ्वीमा, पृथ्वीमुनि, समुद्र र त्यहाँ भएको हरेक प्राणीले यसो भनिरहेको मैले सुनें, "सिंहासनमा विराजमान हुनुहुनेलाई र थुमालाई स्तुति, सम्मान, महिमा, र सामर्थ्य सदासर्वदा होस्।" (१४) तब ती चारै जीवित प्राणीले भने, "आमेन।" अनि ती धर्म-गुरुहरूले घोप्टो परेर दण्डवत् गरे।

---

आउनुहोस हामी पछाडी फर्केर केहि महत्वपूर्ण बुदाँहरु हेरौं जब निस्तार- चाड सुरु गरियो।

**प्रस्थान १२:१-२** मिश्रदेशमा परमप्रभुले मोशा र हारूनलाई भन्नुभयो, (२) "यो महिनाचाहिँ **तिमीहरूका निम्ति महिनाहरूको सुरु**, वर्षको पहिलो महिना हुनेछ

- जसरी यो महत्वपूर्ण थियो ! सबै कुरा यो बिन्दुबाट सुरु हुन्छ।
- तपाइको निस्तार चाड- जब तपाइले पहिलोपटक परमेश्वरको थुमालाई प्राप्त गर्नुभयो, येशू ख्रीष्ट- तपाइको लागि **सुरुको महिनाहरु** थियो। त्यो

पहिलोपटक तपाईलाई **जीवित** बनाइयो ! तपाई त्यो समयसम्म **मरेको** हुनुहुन्थ्यो।

**एफिसि २:१-५** तिमीहरू आफ्ना अपराध र पापहरूद्वारा **मरेको**. . . . (४) तर परमेश्वर, जो कृपामा धनी हुनुहुन्छ, उहाँले आफ्नो महान् प्रेमद्वारा हामीलाई प्रेम गर्नुभयो, (५). . . उहाँले हामीलाई ख्रीष्टसँगै **जीवित** पार्नुभयो (अनुग्रहबाट नै तिमीहरूले उद्धार पाएका छौ)।

प्रस्थान १२:३ "इस्राएलका सारा समुदायलाई यसो भन, . . . . **हरेकले** आफ्नो-आफ्नो परिवारको निम्ति, **हरेक घरानाअनुसार एक-एक पाठो ल्याएर राखोस्।**

- "**प्रत्येकले** थुमालाई लिनु पर्दछ।" किनभने भर्खरै हाम्रो अभिभावकले "थुमालाई लिइएको" चाहिँ मुक्तिको लागि पर्याप्त हुदैन।

- **प्रत्येक घरको लागि अलग थुमा** - हाम्रो स्वर्गीय पिताले थुमालाई **उहाँको घर**को लागि दिनुभयो।

**प्रस्थान १२:२१-२ २** तब मोशाले इस्राएलका सबै **धर्म-गुरुहरूलाई** बोलाउन पठाएर **तिनीहरूलाई भने**, "गएर **आफ्नो-आफ्नो परिवारअनुसार एउटा-एउटा थुमा निकाल**, र निस्तार-चाड़का बलिको निम्ति मार।(२२) हिसपको झुप्पा भाँड़ाको **रगत**मा चोपेर ढोकाको चौकोसको माथिल्लो भाग र दुवैतिरका खम्बामा **छयाप्नू**। तिमीहरूमध्ये कोही पनि बिहानसम्म घरको ढोकाबाहिर ननिस्कनू। . . . .

- हाम्रो स्वर्गीय पिताले थुमालाई **उहाँको घरको** लागि दिनुभयो र **उहाँले रगत** प्रत्यक व्यक्तिमा **लागू गर्नुभयो** जब तिनीहरुले विश्वास गरे।

**प्रस्थान १२:६. . . . .इस्राएलको समुदायका सबै** मानिसहरूले यो बेलुकीपख मारून्।

- उहाँको मृत्युमा सबैजना सामेल भएकाथिए । अनि हामीहरु सबैजना हेर्नको लागि र मूल्य बुझ्न अनि हाम्रो छुटकाराको मूल्य चुकाउन।

**प्रस्थान १२:१३** तिमीहरू बसेका **घरहरू**मा त्यो **रगत** तिमीहरूका निम्ति **चिन्ह** हुनेछ। **जब म त्यो रगत देख्नेछु तब तिमीहरूलाई चाहिँ छोड़िदिनेछु**, र मैले मिश्रलाई प्रहार गर्दा नाश गर्ने **कुनै विपत्तिले** तिमीहरूलाई छुनेछैन।

- रगतको लागि पिता परमेश्वरले हेर्नु हुन्छ। पिता परमेश्वरले तिनीहरुलाई हेर्नुहुन्छ जो क्षमादानको लागि खाँचो थाहा गर्छ र मुक्ति प्राप्त गरेको छ बलिदानको थुमा अनि तिनीहरुको लागि उहाँको रगत पोख्याइएको छ।

- अनि पद २३ **जब परमप्रभु मिश्रीहरूलाई प्रहार गर्न देश भएर जानुहुनेछ** (शाब्दिक अर्थ चाहिँ मण्डलाउनु हो), तब उहाँले चौकोसको माथिल्लो भाग र दुवैतिरका खम्बामा रगत देख्नुहुनेछ, र त्यस ढोकालाई छोड़ेर, निस्तार गरी, विनाश पार्नेलाई तिमीहरूका घरमा तिमीहरूलाई मार्न **पस्न दिनुहुन्न**।

धन्यवाद पिता ! धन्यवाद येशू !

**भजनसंग्रह ९१:१-४** मा पनि दाउददवारा यो ल्याइएको छ। जो परमप्रधानको शरणमा **वास** गर्दछ, त्यो मानिस सर्वशक्तिमान्‌को छत्रछायामुनि **रहन्छ**।(२) परमप्रभुको बारेमा म भन्नेछु, "उहाँ मेरो शरणस्थान र किल्ला हुनुहुन्छ, मेरा परमेश्वर, जसमाथि म भरोसा राख्तछु।" (३) निश्चय नै **उहाँले** तिमीलाई शिकारीको पासोबाट, र **घातक रूढ़ीबाट बचाउनुहुनेछ**। (४) **उहाँले** तिमीलाई आफ्ना प्वाँखहरूले

**छोप्नुहुनेछ**, र **उहाँका पखेटामुनि** तिमीले शरण पाउनेछौ। उहाँको **विश्वसनीयता** तिम्रो ढाल र पर्खाल हुनेछ। यसलाई पनि हेर्नुस: व्यव्स्था ३२:११

- यस प्रकारको सुरक्षामा तपाई बास गर्नै पर्छ, टासिनु पर्छ, उहाँको पखेटा मुनि रहनुपर्छ ।
- यसको अनाज्ञाकारी हुनु भनेको उहाँको आवरण मुनिबाट छुट्टिएर हिड्नु हो !

**लूका २२:१६** संग निरन्तरता किनकि म तिमीहरूलाई भन्दछु, **परमेश्वरको राज्यमा यो पूरा नहोउञ्जेल** म **यो भोज फेरि खानेछैनँ।"** (१७) तब कचौरा लिएर धन्यवाद चढ़ाउनुभएपछि उहाँले भन्नुभयो, "यो लेओ, र तिमीहरू आपसमा बाँड़। (१८) किनकि म तिमीहरूलाई भन्दछु, **परमेश्वरको राज्य नआउञ्जेल** अब उप्रान्त अङ्गुरको रस म पिउनेछैनँ।"

- प्रभु येशू अहिले **इच्छुकताकासाथ** त्यो दिनको लागि हेर्नु हुन्छ जब
  अनि राज्यको यो सुसमाचार सारा संसारमा सबै जातिहरूका लागि गवाहीको निम्ति प्रचार गरिनेछ, **त्यसपछि** अन्त्य आउनेछ।
  (मत्ती २४:१४)
- हाम्रो काम सिद्याउन **उहाँ हामीलाई पर्खिरहनु भएको छ**, हाम्रो आज्ञा (हेर्नुहोस् हिब्रू १०:११-१७) अनि त्यसपछि **हामी टेबुलमा उहाँसंग बस्ने छौ, अनि परमेश्वरको राज्यमा, यो करारको भोज संगसगै सहभागि हुनेछौ।**

अनि त्यो बेलुकीको खानाको नाम हुने छ: **थुमाको विवाहको भोज।**

प्रकाश १९:७-९ हामी रमाऔं र अत्यन्त खुशी होऔं, र उहाँलाई महिमा दिऔं! किनकि **थुमा**का विवाहको दिन आएको छ, र उहाँकी दुलही **स्वयम् तयार भएकी छिन्।** (८) चहकिलो र स्वच्छ मलमलको वस्त्र **पहिरन तिनलाई** (दायित्व) दिइयो।" चहकिलो मलमलको वस्त्र **सन्तहरूका धार्मिक कार्य हुन्।** (९) अनि ती स्वर्गदूतले मलाई भने, "यो लेख, **थुमाका विवाहको भोजमा निमन्त्रणा पाउनेहरू** धन्यका हुन्।" तिनले फेरि मलाई भने, "परमेश्वरका सत्य वचनहरू यी नै हुन्।"

---------------------------------------------------------------------------------------------------

**लूका २२:१९** अनि उहाँले **रोटी लिनुभयो र धन्यवाद चढ़ाउनुभएपछि** त्यो भाँच्नुभयो र तिनीहरूलाई यसो भन्दै दिनुभयो, "तिमीहरूका निम्ति दिइएको **यो मेरो शरीर हो।** मेरो **सम्झनामा यो** गर्ने गर।"

तिनीहरुको सस्कृतिको लागि, रोटीलाई भाच्नु भनेको बेलुकीको खानाको करार हो:

यो दोस्रो कारण कि येशूले इमान्दारीसाथ यो निस्तार चाडलाई उहाँको चेलाहरुसंग उहाँले दु:ख भोग्नुभन्दा पहिला खान इच्छा गर्नुभयो। अनि किन उहाँले यसलाई उहाँको राज्यमा हामीसंग खान ईमान्दारीसाथ इच्क्षा गर्नुभयो। जब उहाँको सबै परिवारहरु त्यहाँ छन।

धेरै उदाहरणहरुमा बाइबलको इतिहास र संसारमा, जब दलहरु सम्झौतामा प्रबेश गर्छन, तिनीहरु त्यसपछि संगै **बेलुकाको खाना खान्छन्।**

यो करारको खानाले तिनीहरुको एकअर्का प्रति उत्तरदायी र शान्तीपूर्ण संम्बन्धलाई **देखाउछ।**

- उत्पति ३१:४३-५५ मा याकूब र लाबानले हामीलाई करारको खानपानको उदाहरण उपलब्ध गराउछ जसले दुई बिरोधि दलहरुमा **शान्ति** ल्याउछ।
- प्रेरित २:४१-४७;४:३२-५:११ स्पष्ट रुपले एकतालाई देखाउछ, अनि सुरुको मण्डलीमा एक अर्कामा भएको प्रतिबद्धतालाई र भाचिएको रोटीलाई देखाउछ।
- मध्ये पूर्वको मनिसले हामीले भन्दा धेरै राम्रो गरी "रोटीलाई टुक्रा पार्नु" करारको संगसगै बाध्नुलाई भुझ्छन्।

  हेर्नुहोस्: उत्पति १४:१८-२० ४३:३२

**म** यरुशलेमको पुरानो शहरको **पसलमा** मुस्लिम मालिकसगै घुमिरहेको **थिए** अनि उसलाई कति मात्रा मलाई तिनीहरुको रोटी मन पर्यो भनिरहेको थिए। उसले आफ्नो छोरालाई रोटी किन्न पठायो र उसलाई दियो। म धेरै धन्यवादी थिए अनि उसलाई रोटी मगाए जुन उसले कठोर रुपले इन्कार गर्यो। मैले पछि सिके कि त्यो कुनैपनि रुपले उसले रोटी भाच्न सकेन र शान्तिको करार स्थापना गरे जसलाई उसले बालकको रुपमा सोचेको थियो।

**डेरेक प्रिन्स** सत्य घटनाको बारेमा भन्छन जुन **१९४८** वर्षमा भएको थियो जब इस्राएल राष्ट्र अस्तित्वमा आउदै थियो र युध्द इस्राएल आसपासको मुस्लिम र यहुदी बीच छेडियो।

(यो सत्य घटना *"ओ, यरुशलेम"* अध्याय २९ मा पाउनसक्छौं ।)

**जोर्डनको** सैनिक बलद्वारा यहुदी  किब्बुजलाई आक्रमण गरियो, र यो भाभुक थियो र पूर्णरुपले नास गरियो। केहि मुठीभरि यहूदीहरुलाई कैदमा लगियो। ती मध्ये एक जवान यहूदी महिला एलिजा थिए। मुस्लिम सिपाहीहरुले उनीलाई झन्डै बलात्कार गर्न लागेको थियो। तिनीहरुले लुगा मात्रै निकाल्न सुरु गरिरहेको थियो तब अचम्मको कुरा भयो। अरबिक अधिकारी आए, दुई सैनिकहरुलाई गोलि हानेर मारे, त्यसपछि रोटीको टुक्रा आफ्नो गोजीबाट झिके, यहुदी महिलालाई दिए र भने, "यसलाई खाऊ"। जब उसले रोटी खाइ सिद्याए, उसले भने, *"अब तिमी मेरो सुरक्षाको घेराउ मुनी छौं। कसैले पनि तिमीलाई छुन पाउने छैन।"*

**किन?** उनले उसको रोटीलाई खाएको थियो जसले उसगँ देखीने करारको सम्बन्धलाई स्थापना गर्यो। अनि यहाँसम्म यूद्धको जोस र काम बासनामा, तिनको अधिकारी र यी जवान यहुदी महिलासंग भएको त्यो करारको सम्बन्धलाई मुस्लिम सैनिकहरुले आदर गरे।

एकपटक अधिकारी र महिलाको बीचमा **रोटी भाचिए** पछि, तिनीहरु सबै पवित्र करार बाधिए :

तिनीहरुले यसको अर्थ **बुझे :**

- उनीलाई हानी अथवा दुरुपयोग गर्न होइन।
- तर उसलाई रक्षा गर्न र भाचिएको रोटीद्वारा स्थापित सम्बन्धलाई आदर गर्छ।
- **हामीले पनि बुझ्नै पर्छ** र थुमा, प्रति **इमान्दार** हुनुपर्छ, र एक अर्का प्रति पनि।

## हाम्रो एक अर्काप्रतिको सम्बन्धमा करारको भोज भन्नाले के बुझिन्छ?

- **एकता** अथवा **एकजुट** - तिमीहरूसँग जस्तो व्यवहार गरून् भन्ने तिमीहरू चाहन्छौ, तिमीहरूले पनि तिनीहरूसँग त्यस्तै व्यवहार गर (मत्ती ७:१२)
- **प्रतिबद्धता -** एक अर्काप्रतिको सफलता र उन्नतिमा
  नम्रतामा एउटाले अर्कालाई आफूभन्दा श्रेष्ठ ठान।. . . . तिमीहरू हरेकले आफ्नै हित मात्र नखोज, तर अरूका हितलाई पनि हेर। फिलिपि २:३-४

- इमान्दारी - परिस्थिति अथवा भावनाहरु, चोटहरु अथवा मुद्धाहरुको वास्ता नगरेर
- सुरक्षा, वा आत्मा रक्षा गर्नु - कुनै पनि किसिमको आक्रमणबाट
- शाररीक अथवा मौखिक रुपले एक अर्कालाई हानी नगर्नु,
- एक अर्काको व्यवस्था गर्नु। सुरुका मण्डलीले करारमा भएको "रोटीलाई भाच्ने" प्रतिबद्धतालाई बुझेका थिए। **प्रेरित २:४१-४७; ४:३२-५:११**

सबै खानाको करारको करणले // रोटीलाई भाँच्नु र प्रभुभोज

## हामीले हल्का रुपमा हाम्रो करारको सम्बन्धलाई **लिनु हुदैन:**

- o हाम्रो करार परमेश्वरसंग

- o एक अर्कासंग हाम्रो करार

  मलाकी २:१० "हामी सबैका एउटै पिता हुनुहुन्न र? के एउटै परमेश्वरले हामीलाई सृष्टि गर्नुभएको होइन र? त किन हामी एउटाले अर्काको विश्वास भङ्ग गरेर हाम्रा पिता-पुर्खाको करारलाई बिटुलो पाछौं?

- o हाम्रो वैवाहिक करार

  मलाकी २: १४-१५ परमप्रभु तिमीहरू र तिमीहरूको जवानीपनकी पत्नीको बीचमा साक्षीको काम गर्दैहुनुहुन्छ, किनकि तिमीहरूले त्यससँगको विश्वास भङ्ग गर्‍यौ, यद्यपि तिनी तिम्री जीवन-साथी र **वैवाहिक करारमा बाँधिएकी पत्नी** हो। यसैले तिमीहरू आफ्नो आत्माको रक्षा गर, र आफ्नो जवानीपनकी पत्नीसँगको विश्वास भङ्ग नगर। "सम्बन्धविच्छेदको कुरालाई म घृणा गर्दछु," परमप्रभु इस्राएलका परमेश्वर भन्नुहुन्छ।

---

- येशूले, रोटीलाई भाँच्नु भयो - उहाँले करारलाई हामीसंग स्थापना गर्नुभयो - उहाँले आफ्नो शरिर तोडिनलाई दिनुभयो।

  यूहन्ना १०:१८ कोहीले पनि मबाट मेरो आत्मालाई लिन सक्दैन, मैले आफैले यसलाई राखको छु।

- **यो मेरो शरिर हो।** जब हामी भाच्छौ अथवा केहि टुक्रा रोटी लिन्छौ:

- हामी स्वीकार गर्छौ: "यो मेरो पाप हो जसले उहाँको शरिरलाई भाच्यो।"

- हामी सम्झना गरिरहन्छौ र उहाँसंग हाम्रो **करार** निश्चित गर्छौ।

- धेरै जसले उहाँलाई छोए निको भए। जुन रोटीलाई हामी लिन्छौ त्यसले हरेक कोषलाई छुन्छ अनि हाम्रो शरीरमा शक्ति, जीवन र चंगाई ल्याउछ ।

- यूहन्ना ६:३५ येशूले तिनीहरूलाई भन्नुभयो **"जीवनको रोटी म हुँ।** मकहाँ **आउने** भोकाउनेछैन, र ममाथि **विश्वास** गर्ने कहिल्यै तिर्खाउनेछैन।

  - करारको प्रतिज्ञा

यूहन्ना ६:५१ स्वर्गबाट ओर्लिआएको **जिउँदो रोटी म नै हुँ।** कसैले यो रोटी खायो भने **त्यो सधैँभरि** (करारको प्रतिज्ञा) **जिउनेछ।** र जुन **रोटी** म संसारका **जीवन**को लागि दिनेछु, त्योचाहिँ **मेरो देह हो।"**

,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,,

**लूका २२:२०** यसै गरी खाइसक्नुभएपछि **उहाँले कचौरा लिनुभयो** र भन्नुभयो, "यो कचौरा **तिमीहरूका निम्ति** बगाइएको **मेरो रगतमा स्थापित गरिने नयाँ करार हो।**

विश्वासीहरुको लागि, येशूले पुरानो करारको निस्तार चाडलाई नयाँ करारसंगको सहभागिता चाडसग प्रतिस्थापना गर्नुभयो। उहाँले थुमाको रगतलाई उहाँको आफ्नै रगतसंग, प्रतिस्थापना गर्नुभयो।

रगतको करार भनेको रोटीको करार भन्दा ब्यापक धेरै टाढा हुन्छ। (निम्न पनि वैवाहिक करारको लागि सत्य हुन्छ।)

मलाकी २:१४ तपाईको श्रीमती र साथी, अनि तपाईको करारबाटको श्रीमती।

- रगतमा भएको करारको सदस्यहरु **एक** हुन्छन। परिवार। एक रगत।

रोमी १२:५ त्यसरी नै **हामी** जो धेरै छौं, हामी पनि ख्रीष्टमा **एउटै शरीर** हौं, र प्रत्येक **एक-अर्काका अङ्ग हौं।**

एफिसि ३:१४-१५ म **पिता**को सामने आफ्ना घुँड़ा टेक्तछु, (१५) जसद्वारा स्वर्ग र पृथ्वीमा भएको **हरेक परिवारको नाउँ राखिएको छ।**

हिब्रू २:११-१२ किनकि पवित्र तुल्याउनुहुने र पवित्र तुल्याइएकाहरू पनि **सबै एउटै परिवारका हुन्।** त्यसैकारण तिनीहरूलाई **भाइ** भन्नमा येशू शर्माउनुहुन्न।

- **एक**लाई के हुन्छ, अरुमा पनि लागू हुन्छ।

उहाँको मृत्यु भन्नुनै हाम्रो मृत्यु हो: (रोमी ६:२३; २ को. ५:२१)

२ कोरन्थी ५:१४. . . . **सबैका निम्ति एक जना मर्नुभएको हुनाले सबै मरे।**

गलाती २:२० **म ख्रीष्टसँगै क्रूसमा टाँगिएको छु, अब उप्रान्त जिउने म होइनँ, तर ख्रीष्ट ममा जिउनुहुन्छ।** **दुई एक हुन्!**

कलसी ३:३-४ **किनभने तिमीहरू मरेका छौ,** र तिमीहरूको जीवन परमेश्‍वरमा ख्रीष्टसँग लुकाइएको छ। (४) ख्रीष्ट, जो हाम्रो जीवन हुनुहुन्छ, उहाँ प्रकट हुनुहुँदा **तिमीहरू पनि उहाँसँगै महिमामा प्रकट हुनेछौ।**

उहाँको पुनरुत्थान हुनु नै हाम्रो पुनरुत्थान हो:

यूहन्ना १४:१९ . . . **किनभने म जिउदो छु, तिमी पनि जीउदो हुनेछौ।**

कलसी २:१२-१३ **उहाँसँग गाडिएका** थियौ। **तिमीहरू पनि उहाँसँगै जीवित पारियौ।** . . . . . परमेश्‍वरले हाम्रा सबै अपराध क्षमा गरिदिएर उहाँसँगै जीवित पार्नुभयो।

एफिसी २:४-७ परमेश्वर, . . . . . **हामीलाई ख्रीष्टसँगै जीवित पार्नुभयो** . . . . . . **उहाँसँग हामीलाई उठाउनुभयो**, अनि स्वर्गीय स्थानहरूमा **ख्रीष्ट येशूसँग बसाल्नुभयो।**

किनकि हामीहरु “उहाँमा” छौ, “उहाँमा एउटै” यो:

सकियो, काम पुरा भयो।

- एकको जे हुन्छ - अर्को पनि त्यसमा स्वामित्व हुन्छ ।

  रोमी ८:१६-१७ **हामी परमेश्वरका सन्तान हौं** भनी पवित्र आत्माले हाम्रो आत्मासँग गवाही दिनुभएको हो। (१७) र सन्तान हौं भनेता **उत्तराधिकारी** पनि हौं, परमेश्वरका उत्तराधिकारी र **ख्रीष्टसँग साझे-उत्तराधिकारी।**

- यो इमान्दार, सहनशिल, सधै- रहीरहने, अनन्तताको करार।

  हिब्रू ९:१२ बोका र बाछाहरूको रगतले होइन, तर **आफ्नै रगतद्वारा अनन्त उद्धार** प्राप्त गरिदिएर सधैँको निम्ति एकै पल्ट महापवित्र स्थानभित्र उहाँ प्रवेश गर्नुभयो।

  हिब्रू ९:१५ यसैकारण **उहाँ नयाँ करारका मध्यस्थ हुनुहुन्छ**, यस हेतुले कि **बोलावट भएकाहरूले** प्रतिज्ञा गरिएको **अनन्त उत्तराधिकार** प्राप्त गरून्, किनकि एक जनाको मृत्युको मोल भइसकेको छ, जसद्वारा पहिलो करारको समयमा भएका अपराधहरूबाट उद्धार पाइन्छ।

वैवाहिक करार पनि इमान्दारी हो, बोक्नु, सधै- रहीरहने, एकताको करार।

वैवाहिक करार : **दुई एक**

एफिसि ५:२५, २८-३१

मत्ती १९:६ **ती अब दुई होइनन्, तर एउटै शरीर हुन्छन्। यसकारण परमेश्वरले जसलाई एकसाथ जोर्नुभएको छ, त्यसलाई कुनै मानिसले नछुट्ट्याओस्।"**

- **हामी सबै एक हौ।**

१ कोरन्थी १०:१६-१७ के त्यो **ख्रीष्टको रगतमा हुने सहभागिता होइन र**? र त्यो रोटी, जो हामी भाँच्छौं, के त्यो ख्रीष्टको शरीरमा हुने सहभागिता होइन र? (१७) रोटी एउटै हो, यसकारण **धेरै भए तापनि हामी एउटै शरीर हौं**, किनकि हामी सबै एउटै रोटीबाट खान्छौं।

यूहन्ना १७:२०-२३ मैले सोधे. . . . (२१) **कि तिनीहरू सबै एक होऊन्।** हे पिता, जसरी **तपाईं ममा हुनुहुन्छ, र म तपाईंमा**, त्यसरी **तिनीहरू** पनि हामीमा होऊन्, र तपाईंले मलाई पठाउनुभयो भनी संसारले विश्वास गरोस्। (२२) जुन महिमा तपाईंले मलाई दिनुभएको छ, मैले तिनीहरूलाई दिएको छु, ताकि **हामी एक भएझैं तिनीहरू पनि एक होऊन्।** (२३) **म तिनीहरूमा, अनि तपाईं ममा**, र तिनीहरू पूर्ण रूपले एक होऊन्, र तपाईंले मलाई पठाउनुभएको हो, अनि मलाई प्रेम गर्नुभएजस्तो तपाईंले तिनीहरूलाई पनि प्रेम गर्नुभयो भनी संसारले जानोस्।

येशूको प्राथनाको उत्तर प्राप्त भयो र उहाँको रगतमा भएको नयाँ करारमा आएर पुरा भयो।

(१९) यसलाई **मेरो संझनामा** गर्ने गर **करारको चाडलाई येशूख्रीष्टको कामको छुटकारा संझनामा** जोड दिइन्छ **र रगतको करार उहाँसंग हामीले प्रवेश गरेको छौ।**

- उहाँको रगतले हामीलाई न्याय गर्छ:

  रोमी ५:९ **यसकारण उहाँको रगतद्वारा धर्मी ठहरिएका** हुनाले झन् बढ़ी हामी परमेश्वरको क्रोधबाट उहाँद्वारा **बचाइनेछौं।**

- उहाँको रगतले हामीलाई छुटकारा दिन्छ:

  हिब्रू ९:१२........ **आफ्नै रगतद्वारा अनन्त उद्धार** प्राप्त गरिदिएर सधैँको निम्ति एकै पल्ट महापवित्र स्थानभित्र उहाँ प्रवेश गर्नुभयो।

- उहाँको रगतले हामीलाई क्षमा दिन्छ:

  हिब्रू १०:१७-१९ "तिनीहरूका पाप र तिनीहरूका दुष्कर्महरू **म फेरि सम्झनेछैनँ।** "**अहिले** त्यहाँ **क्षमा..... येशू ख्रीष्टको रगत**द्वारा

- उहाँको रगतले हामीलाई धुन्छ:

  १ यूहन्ना १ उहाँका पुत्र **येशूको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ।**

- उहाँको रगतले हामीलाई मिलाप गराउछ:

  कलसी १:२२ तर आफ्नो सामुन्ने तिमीहरूलाई **पवित्र, निष्खोट** र **निर्दोष** प्रस्तुत गर्न ख्रीष्टका मासुको शरीरमा उहाँको मृत्युद्वारा तिमीहरूलाई उहाँले अब मिलापमा ल्याउनुभएको छ

- येशूख्रीष्टको रगतले हामीलाई शुद्ध गराउछ अथवा हामीलाई पवित्र बनाउँछ

  हिब्रू १३:१२ यसकारण **येशूले पनि उहाँको आफ्नै रगतद्वारा** मानिसहरूलाई पवित्र गराउन ढोकाबाहिर कष्ट भोग्नुभयो।

सबै किनभने

परमेश्वर थुमाको रगत

# येशू ख्रीष्ट

अनि हामीसंग उहाँको करार

रोटीबाट लिनको लागि आउनु भन्दा अगी (उहाँको शारिरलाई त्यसले प्रतिनिधित्व गर्दछ) र दाखको फल (जसले उहाँको रगतलाई त्यसले प्रतिनिधित्व गर्दछ) . . .यसमा ध्यान दिनुहोस् . . .यसको अर्थमा मनन गर्नुहोस् . . . हामीप्रति उहाँको प्रतिबद्धता . . . र तपाईको उहाँप्रति इमान्दारीको प्रतिबद्धता, र एक अर्काप्रति।

यदि तपाई शान्तिमा अथवा परमेश्वरसँग अथवा एक अर्का (हाम्रो श्रीमती)सँग एकतामा छैनौ भने, **हामीले आफ्नो करारको अपमान गर्छौं।**

- ❖ हामीले हाम्रो जीवनभित्र समस्याहरु आऊन अनुमति दिन्छौ (सत्रुलाई भित्र आउन अनुमति दिन्छौ)
- ❖ र संभवत गम्भीर परिणामहरुसँग !!

यो पावलले कोरन्थीको (संसारिक अथवा शाररीक) मण्डलीलाई आफ्नो लेखाईमा ल्याएको थियो :

१ कोरन्थी ३: १-४ भाइ हो, तिमीहरूसँग बोल्दा आत्मिक जनहरूसँग बोलेजस्तै म बोल्न सकिनँ, तर **सांसारिक** मानिस, ख्रीष्टमा दूधे बालकसँग (२) मैले तिमीहरूलाई दूध खुवाएँ, खँदिलो पदार्थ होइन, किनकि तिमीहरू त्यसको निम्ति तयार थिएनौ, अनि अझ पनि छैनौ। (३) तिमीहरू अझै **सांसारिक** नै छौ। किनकि जब तिमीहरूका बीचमा **डाह र कलह** छ, त के तिमीहरू **सांसारिक** भएनौ र?

- एक अर्कामा तिनीहरु बिरोध गरेका थिए। एकतामा होइन ।

- १ कोरन्थी १० मा पावलले निस्तारको रगतको करार पछि ईस्राएलीहरुका अनुभवको परिणामलाई **दाज्छन्।-** जुन तिनीहरुले हाम्रो नया करारसंग अनादर गरे, **यसको परिणामहरुले हामीलाई चेतावनी दिन्छ।**

१ कोरन्थी १० भाइ हो, तिमीहरूले यो कुरा जान भनी म चाहन्छु, कि हाम्रा पुर्खाहरू सब बादलमुनि थिए, र सबै समुद्रको बीचबाट भएर गए। (२) अनि मोशामा तिनीहरू सबैले बादल र समुद्रमा बप्तिस्मा पाएका थिए। (३) सबैले एउटै आत्मिक भोजन **खाए**। (४) सबैले आत्मिक पानी **पिए**, किनकि तिनीहरूका साथसाथै हिँड्ने आत्मिक चट्टानको पानी तिनीहरूले पिए। त्यो चट्टानचाहिँ ख्रीष्ट नै हुनुहुन्थ्यो। (५) तापनि तिनीहरूमध्ये धेरैजसोसँग परमेश्वर **प्रसन्न हुनुभएन**, र तिनीहरू मरुभूमिमा नष्ट भए।

(६) उनीहरूले **जस्तै हामीले खराबीको इच्छा नगरौं** भनी यी कुरा हाम्रो चेताउनीको लागि हुन्। ताकि हामी उनिहरु जस्तै दुष्ट कुराहरुको चाह नुगरौँ ।

(गन्ती ११मा उनिहरुले मन्नलाई छाडेर मिक्षको खानाको लागि गनगन गरे)

(७)तिनीहरूमध्ये कतिझैँ तिमीहरू **मूर्तिपूजक** नहोओ। जस्तो लेखिएको छ, "मानिसहरू खान र पिउनलाई बसे, अनि नाच्नलाई उठे।"(प्रस्थान ३२:४,६)

(८) हामी **व्यभिचारमा** फस्नुहुँदैन, जसरी तिनीहरूमध्ये कति जना फसे, र एकै दिनमा **तेईस हजार मरेका थिए।** (हाम्रो लागि उदाहरण - परमेश्वर प्रसन्न हुनुभएन)

(९) हामीले प्रभुको परीक्षा गर्नुहुँदैन, जसरी तिनीहरूमध्ये कतिले गरे, र सर्पहरूद्वारा **नष्ट** भएका थिए। (गन्ती २१) (हाम्रो लागि उदाहरण - परमेश्वर प्रसन्न हुनुभएन)

(१०) हामीले **गनगन** गर्नुहुँदैन, जसरी तिनीहरूमध्ये कतिले गरे, र विनाशकबाट **नष्ट** भएका थिए। (गन्ती १६:४१; १७:५,१०)

हाम्रो लागि उदाहरण - परमेश्वर प्रसन्न हुनुभएन

- यी पापहरु "*मृत्युसम्मै* ", शाररीक मृत्यु, अनन्त मृत्यु **होइन**, जसरी तिनीहरु थुमाको रगतको करारमा भएको थिए।

- तिनीहरुलाई **हेला गरिएको** थिएन, " पिता परमेस्वरलाई मात्र ***"खुशी परिएन।"***

(११)यी कुराहरू तिनीहरूलाई **चेताउनी**को निम्ति भए तापनि ती **हाम्रै शिक्षाको** निम्ति लेखिएका हुन्, जसमाथि युगको अन्त्य आइसकेको छ। (१२) यसकारण जसले खड़ा छु भनी सोचेको छ, त्यो होशियार रहोस्, नत्रता त्यो लड्नेछ। (१३) मानिसलाई आइपर्ने परीक्षाबाहेक तिमीहरू अरू परीक्षामा परेका छैनौ। परमेश्वर विश्वासयोग्य हुनुहुन्छ। उहाँले तिमीहरूलाई तिमीहरूका शक्तिदेखि बाहिरका परीक्षामा पर्न दिनुहुनेछैन, तर परीक्षाको साथसाथै उम्कने बाटो पनि बनाइदिनुहुनेछ– यसरी तिमीहरू त्यसलाई खप्न सक्नेछौ। (१४) यसकारण मेरा प्रिय हो, मूर्तिपूजाबाट अलग बस। (१५) समझदार मानिसहरूलाई जस्तै गरी म भन्दैछु, मैले भनेका कुरा तिमीहरू आफै विचार गर। (१६) जुन **आशिष्‌का कचौराको** निम्ति हामी आशिष् माग्छौं, के त्यो ख्रीष्टको **रगतमा हुने सहभागिता** होइन र? र त्यो रोटी, जो हामी भाँच्छौं, के त्यो ख्रीष्टको शरीरमा हुने सहभागिता होइन र? (१७) **रोटी एउटै** हो, यसकारण धैरै भए तापनि हामी **एउटै शरीर** हौं,

किनकि हामी सबै एउटै रोटीबाट खान्छौं।(१८) इस्राएल जातिलाई हेर, बलिदानको बस्तु खानेहरू, के वेदीका सहभागी भएनन् र?

- यो रोटीलाई खानाले हामी बेदी बाड्छौ/ बलिदान/ मृत्यु अनि येशू ख्रीष्टको पुनरुत्थान।

अर्को पाठमा पनि पावल यो बिषयलाई निरन्तरता दिन्छन्।

१ कोरन्थी ११:२३-३०

किनकि प्रभुबाट मैले जे पाएँ, सो तिमीहरूलाई सुम्पिदिएँ, अर्थात् जुन रात उहाँ पक्राउ पर्नुभयो, त्यो रात प्रभु येशूले **रोटी** लिनुभयो, (२४) र धन्यवाद दिनुभएपछि उहाँले त्यो भाँच्नुभयो, र भन्नुभयो, "यो तिमीहरूका निम्ति मेरो शरीर हो। यो मेरो सम्झनाको निम्ति गर।" (२५) त्यसै गरी खाएपछि उहाँले कचौरा लिएर यसो भन्नुभयो, "यो कचौरा मेरो **रगत**मा भएको **नयाँ करार** हो। जहिले-जहिले तिमीहरू यो पिउँछौ, मेरो सम्झनामा यो अक्सर गर।" (२६) किनभने जहिले-जहिले तिमीहरू यो रोटी खान्छौ र यस कचौराबाट पिउँछौ, उहाँ नआउञ्जेल तिमीहरू प्रभुका मृत्युको घोषणा गर्दछौ।

पछि पावलले करारको परिणामहरु र गम्भीरता ल्याउए :

(२७) यसकारण **जसले अयोग्य** रीतिले प्रभुको रोटी खान्छ, कि प्रभुको कचौराबाट पिउँछ, त्यो मानिस **प्रभुको शरीर र रगत**लाई अपवित्र तुल्याएकोमा दोषी ठहरिनेछ। (२८) **हरेक मानिसले आफूलाई जाँचोस्, अनि मात्र त्यसले रोटी खाओस्, र कचौराबाट पिओस्।**(२९) किनकि प्रभुको **शरीरलाई नचिनिकन** जसले खान्छ र पिउँछ त्यसले

त्यो खाएको र पिएको कारणले आफूमाथि दण्ड ल्याउनेछ। (३०) यसैकारण तिमीहरूमध्ये धेरै जना **दुर्बल** र **रोगी** छौ, र कति जनाचाहिँ **मरिसकेका छन्।**

- अरु अनुवादहरुले भन्छ "*सख्यामा सुत्नु*" अर्थ भनेको धेरै सख्यामा अन्तत मृतुमा परेका छन्। यो करारको भोजनको धेरै गहिरो चित्र हो।

(सुत्नुको अर्थ भनेको मृत्यु हेर्नुहोस्: यूहन्ना ११:११-१४; १ कोरन्थी १५:५१)

- कमजोरी, बिरामी र मृत्युको लागि धेरै कारणहरु छन्, तर यो एक धेरै महत्वपूर्ण हो, र इन्कार गर्न सकिन्छ।

आजको इसाईमा भन्दा धेरै तरिकामा ति मुस्लिम सैनिकहरुमा "रोटीलाई भाच्नु"को मतलब स्पष्ट समझ थियो ।

- यो येशूले सुरुवात गर्नुभएको **सम्झनाको** करार हो।

- **उहाँलाई** यो हाम्रो करारको दायित्व **सम्झना** गराउनु हो तर ए**क अर्कालाई** पनि हो।

- अनि पावलले हामीलाई सम्झना गराउछ कि हामीले सहि रुपले शरिरलाई चिन्नु पर्छ। अर्थात हामीले जान्नुपर्छ कि हाम्रो दाजु-भाई र दिदी-बहिनीहरु एउटै शरिरका सदस्यहरु हुन्, हामीहरु एक हौं- एकता। हामीहरु करारमा संगसगै छौं।

- त्यसोभए हामी यो सम्बन्ध भित्र प्रवेश गरेको क्षणबाटै अनि यस करारको भोजनमा सहभागी भएर यसलाई नबिकरण गर्नुपर्छ, **हामीहरु इमान्दार हुन एक अर्का प्रति प्रतिबद्ध छौ।**

- ती सैनिक जस्तै, आफ्नो व्यक्तिगत भावनाहरुको बिचमा पनि, यहुदी महिलालाई आदर गर्नु परेको थियो किनभने तिनीहरुको अधिकृतले उनीसित रोटीलाई भाचेको थियो । त्यसैले हाम्रो व्यक्तिगत **व्यहोराहरु** अथवा **संवेगहरु** अथवा **भावनाहरु** प्रति वास्ता नगरि**,** जब हामी रोटी भाच्छौ- जब हामी करारको भोजन लिन्छौ- त्यो कार्यबाट हामीहरु एक अर्कामा इमान्दार हुनुपर्छ भन्ने सिकाउछ। वैवाहिक करारमा पनि।

भजनसंग्रह ४१:९ मैले भरोसा गरेको मेरो परममित्रसमेत (शान्तिमा), जसले मेरै रोटी खान्थ्यो (शान्तिको करार), त्यसले मेरो विरुद्धमा लात उठाएको छ।

धेरै एसियाको सस्कृतिहरुमा, अरु प्रति तपाईको गोडालाई देखाउनु भनेको त्यस व्यक्तिसँग हिड्न बहिस्कार गर्नु हो।

- हामीले एक अर्कासंग रोटी खाएर आलोचना गर्न हामीले खुट्टा उचाल्नु हुदैन।/ लान्छना गर्न/ तल खसाल्न/ झुटो बोल्न/ कुरा काट्न/ अथवा कुनै निर्दयीताबाट अथवा घृणीत कार्यबाट।
- पावलले भन्छन् कि दुईवटा मात्र वैकल्पिकहरु छन् जब हामी त्यो करारको भोजनलाई लिन्छौ।

(१) यदि हामीले सही रुपमा यसलाई लिन्छौ भने यसले हामीमा आशिष् र स्वास्थ ल्याउने छ। कृपया हेर्नुहोस् - भजनसंग्रह १३३

(२) **तर** यदि हाम्रो **सम्बन्धहरु गलत छन् भने** यसले हामीमा गाहोहरु, हुनसक्छ बिमारहरु, अनि केहि चरम मामिलाहरु, मृतु।

त्यो एकदमै गम्भीर विचार हो। तर त्यसोभए, करारको सम्बन्धहरु धेरै गम्भीर हुन् ।

परमेश्वरले हामी सबैलाई हाम्रो करारको सम्बन्धहरुलाई हल्का **नलिन** सहायता गरुन्:

- हाम्रो करार परमेश्वरसंग
- हाम्रो करार एक अर्कासंग
- हाम्रो वैवाहिक करार

(३१) तर **हामी साँच्चै आफैले आफैलाई जाँचेका छौं** भने हामी न्यायमा **पर्नेछैनौं**।

- १ यूहन्ना १:९ यदि हामीले आफ्ना पापहरू स्वीकार गर्‍यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ, र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ।

(३२) तर **जब प्रभुले हाम्रो न्याय गर्नुहुन्छ,** तब हामीलाई **ताड़ना** दिनुहुन्छ, ताकि संसारसँग हामी दोषी नठहरिऔं ।

- त्यो भनेको, हामीलाई परमेश्वरले सित्तैमा दिनुभएको अनन्त मुक्तिलाई हामी गुमाउने **छैनौं।** हामी हाम्रो करार तर्फबाट गल्ती गर्न सक्छौ तर उहाँ विश्वासयोग्य हुनुहुन्छ।

अनुसासन, हो। तिरस्कार, होइन!

तर जब हामी परमेश्वरमा अनाज्ञाकारी हुन्छौ र शरिरलाई आदर गर्दैनौ भने त्यहाँ गम्भीर परिणामहरु छन् ।

यसलाई विचार गर्नुहोस:

- "यसकारण तिमीले वेदीमा आफ्नो भेटी चढ़ाउँदा तिम्रो भाइको हृदयमा **तिम्रो विरुद्धमा केही** छ भन्ने तिमीलाई याद भयो भने, (२४) तिम्रो भेटी त्यही वेदीको सामु छोड, र जाऊ। **पहिले** आफ्नो भाइसँग **मिलाप गर,** र त्यसपछि आएर आफ्नो भेटी चढ़ाऊ। मत्ती ५:२३-२५

- याकूब ५:९ भाइ हो, **एउटाले अर्का**को विरुद्धमा **गनगन नगर, नत्रता तिमीहरू दोषी ठहरिनेछौ।** हेर, न्यायकर्ता ढोकैमा हुनुहुन्छ।

- याकूब ४:११ **एउटाले अर्काको विरुद्धमा खराब कुरा नगर. . . .** आफ्नो भाइलाई **दोष** लाउँछ, (१२) व्यवस्था दिने र न्यायकर्ता त एउटै हुनुहुन्छ. . . . आफ्नो छिमेकीलाई दोष लाउने तिमीहरू को हौ?

- १ पत्रुस ५:८-९ तिमीहरूको शत्रु दियाबलस **कसलाई भेट्टाऊँ र खाइहाँलू** भनी गर्जने सिंहझैँ खोजिहिँड्छ। (विश्वासीहरुको लागि लेखिएको)

- एफिसी ४:२६-२७ घाम अस्ताउन अघि नै तिमीहरूको **रीस** मरोस्, र **दियाबलसलाई मौका नदेओ।**

- मत्ती १८:३४-३५ तब त्यसका मालिकले क्रुद्ध भएर त्यसलाई सबै ऋण नतिरुन्जेल **दण्ड दिने**हरूका हातमा सुम्पिदिए। "**तिमीहरूले आफ्नो भाइलाई**

**आफ्नो हृदयदेखि क्षमा गरेनौ भने,** स्वर्गमा हुनुहुने मेरा पिताले पनि तिमीहरूसँग त्यसै गर्नुहुनेछ।"

आओै हामी आफूलाई जाचौँ - हाम्रो विवेकलाई अनुमति दिउ, पवित्र आत्मालाई जसलाई हामीले क्षमा दिनुपर्ने हो त्यो विवेकमा ल्याउन अनुमति दिउ, अथवा जोकोहीलाई हामीले अपमान गरेका थियौ।

- यदि उहाँले विवेकमा कसैलाई रिस अथवा अप्रसन्नता भएको याद गराउनुहुन्छ भने- अहिलेनै निर्णय गर्नुहोस् तिनीहरुले दिएको **चोट**लाई वास्ता नगरि, व्यक्तिगत **व्यहोराहरु** अथवा **संवेगहरु** वा **भावनाहरु** प्रति वास्ता नगरि क्षमा दिनलाई।

- प्राथना गर्नुहोस र परमेश्वरलाई भन्नुहोस् कि तपाईले तिनीहरुलाई क्षमा दिइसक्नु भयो, तपाईको हृदय र बिचारमा वास्तविक रुप बनाउनलाई पवित्र आत्मासित भन्नुहोस्।

- यदि कोहिपनि, अथवा केहिपनि दिमागमा आउदैन भने - शान्तिमा बस

परमेश्वरले हामीसित करार बध्नु भएको छ, शान्तिको सम्झौता, उहाँको उदारतामा बनीएको करार, हाम्रो योग्यतामा होइन।

जब हामी रोटी खान्छौ, ख्रीष्टमा एकतालाई डुबाउछौ र कचौरालाई परमेश्वरको अनुग्रह क्षमादानलाई चित्रण गर्दै लिन्छौ, सबै ख्रीष्टमा पुर्नमिलाप भएको लागि आऔ आन्नदका साथ परमेश्वरको प्रशंसा गरौं ।

## आशिष् माग्नु

हिब्रू १३:२०-२३ अब भेड़ाका **महान् गोठाला** हाम्रा प्रभु येशूलाई **अनन्त करारको रगतद्वारा** मृत्युबाट जीवित पार्नुहुने शान्तिका परमेश्वरले (२१) तिमीहरूलाई हरेक असल गुणले सिद्ध पारून्, र तिमीहरूले उहाँको इच्छा पूरा गर्न सक। जे परमेश्वरलाई मनपर्दो छ येशू ख्रीष्टद्वारा उहाँले तिमीहरूमा गरून्। उहाँको महिमा युगानयुग भइरहोस्। आमेन।